म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.ढ.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १९६ २०८१ जेठ २६ गते शनिबार 8 June 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**चट्याङबाट बच्ने उपाय:**

बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्ग लगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडाको आवधिक योजना तयार

# ५ बर्षका लागि साढे ६ अर्ब बजेट आवश्यक




*आवधिक योजना प्रस्तुती कार्यक्रममा नगरप्रमुख (बीचमा), उपप्रमुख (बायाँ) र प्रमुख प्रशासकीय अधिकृत (दायाँ) ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले तयार पारेको आवधिक योजनाको खाका सार्वजनिक गरेको छ । गैरसरकारी संस्थासँगको सहकार्यमा हेटौंडा उपमहानगरपालिकाले तयार पारेको आवधिक योजना शुक्रबार बिहान उपमहानगरको सभाहलमा नगर प्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीको उपस्थितिमा सार्वजनिक गरिएको थियो ।

आगामी आर्थिक वर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८५/८६ सम्मका लागि तयार पारिएको पञ्चवर्षीय योजनाले नगरवासीको औषत आयु ६८ बर्षबाट ८५ बर्ष पुऱ्याउने लक्ष्य लिएको छ । आवधिक योजनामा ४४ वटा गौरवका योजना समावेश गरिएको छ । पञ्चवर्षीय आवधिक योजनाका लागि ६ अर्ब ५६ करोड बजेट अनुमान गरिएको छ ।

आवधिक योजनाका लागि आन्तरिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक स्रोत जुटाइने बताइएको छ । आवधिक योजना प्रस्तुती कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, उद्योग, व्यवसाय, शिक्षा, महिला, सञ्चारलगायतका क्षेत्रका प्रतिनिधिले सुझाव दिएका थिए । सहभागीले आवधिक योजना निर्माणको प्रारम्भिक चरणदेखि नै जानकारी भएको भए राम्रो हुने उल्लेख गरेका थिए । हेटौंडा उपमहानगरपालिकाले एक बर्ष लगाएर आवधिक योजना तयार पारेको हो । कार्यक्रममा सहभागीले यसअघिको आवधिक योजनाका उपलब्धीका विषयमा समेत समीक्षा गर्दै आगामी योजनाको प्रस्तुती भए राम्रो उल्लेख गरेका थिए ।

# बागमती विश्वविद्यालयको संरक्षक समितिमा ५ सदस्य मनोनित

समाज संवाददाता

हेटौंडाः बागमती विश्वविद्यालय संरक्षक (बोर्ड अफ ट्रष्टी) मा छ जना सदस्य मनोनित भएका छन् । बोर्ड अफ ट्रष्टी मनोनित ५ जना सदस्यलाई प्रदेश सरकारले शुक्रबार मनोनयन पत्र हस्तान्तरण गरेको छ ।

एक पदेन सदस्यसहित ५ जना सदस्यलाई मनोनयनपत्र प्रदान गरिएको हो । प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सदस्यहरुलाई मनोनयन पत्र प्रदान गर्नुभएको हो । मुख्यमन्त्री जम्कट्टेलले बोर्ड अफ ट्रष्टीका सदस्यहरु डा. चन्द्रमणि पौडेल, कृष्ण कटुवाल, नूरराती ढुङ्गेल, किरण चन्द्र दाहाल र बच्चुराम अधिकारीलाई मनोनयन पत्र प्रदान गर्नुभएको हो । समितिमा सामाजिक विकास मन्त्रालयका सचिव पदेन सदस्य रहने व्यवस्था अनुसार राजन पौडेललाई मनोनयन पत्र प्रदान गरेको हो । समितिमा ११ जना सदस्य रहने व्यवस्था रहेको छ । अन्य सदस्यहरु क्रमशः थप गर्ने मन्त्रालयले जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री जम्कट्टेलले वर्तमान शिक्षा नीति, परीक्षा प्रणाली र पाठ्यक्रम परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो । शिक्षा नीति, पाठ्यक्रम र परीक्षा प्रणाली ठिक नहुँदा बारम्बार समस्या र प्रश्न उठ्ने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार शिक्षा नीति परिवर्तन गरी व्यवहारिक र व्यावसायिकता तर्फ केन्द्रीत गर्नुपर्ने हुन्छ । प्राविधिक शिक्षाको पाठ्यक्रम निर्माण गर्ने र परीक्षा प्रणाली मेरिट मोडलमा लैजानुपर्ने उहाँको भनाई छ । मुख्यमन्त्री जम्कट्टेलले शिक्षा प्रणाली समसामयिक नहुँदा शैक्षिक बेरोजगारी बढ्दो क्रममा रहेको बताउनुभयो । शिक्षा नीतिका कारण विद्यार्थीहरु पढ्नको निम्ति विदेश नै जानुपर्ने, हातमा प्रमाणपत्र भएपनि भौतारिनुपर्ने बाध्यता देखिएको उहाँको भनाई छ ।

'शिक्षामा आमूल परिवर्तन नभएसम्म मुलुक बन्न सक्दैन त्यसैले प्रदेश सरकारले शिक्षा प्रणालीमा परिवर्तनका लागि काम गर्ने तयारी अगाडि बढाएको छ', उहाँले भन्नुभयो, 'प्रदेश सरकारले स्थापना गर्ने विश्वविद्यालय पूर्ण प्राविधिक धारको हुन्छ । प्रदेश सरकारको एक अधिकार क्षेत्रमा रहेको उच्च शिक्षालाई व्यवहारिक र व्यावसायिक बनाउन नीतिगत रुपमा परिमार्जन गर्ने तयारी अघि बढाएको छ ।'

उहाँले प्रदेशको सार्वजनिक विश्वविद्यालय स्थापनालाई तिव्रता दिएको बताउनुभयो । उहाँका अनुसार प्रदेशको विश्वविद्यालय बोर्ड अफ ट्रष्टी मोडेलमा रहेकाले स्वायत्त रुपमा सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले विश्वविद्यालयमा स्वतन्त्रपूर्वक काम गर्न सक्ने र राजनीतिक हस्तक्षेप नहुने स्पष्ट पार्नुभयो । कार्यक्रममा सामाजिक विकासमन्त्री कुमारी मोक्तान, आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया र स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

## मोदीले सपथ लिने

समाज संवाददाता

हेटौंडाः भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार तेस्रो कार्यकालको लागि शपथ लिने भएका छन् । टाइम्स अफ इन्डियाका अनुसार मोदीले आइतबार साँझ ६ बजे प्रधानमन्त्रीको शपथ लिने तयारी गरेका छन् । यसअघि मोदीले शनिबार प्रधानमन्त्रीको शपथसँगै सरकार गठनको प्रक्रिया अघि बढाउने तयारी गरेका थिए । चुनावी नतिजासँगै राजीनामा दिएकाले मोदी अहिले कामचलाउ प्रधानमन्त्रीको रूपमा रहेका छन् । मोदीको शपथ ग्रहण समारोहमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायत छिमेकी देशका सरकार र राष्ट्र प्रमुखहरू सहभागी हुने भएका छन् । बंगलादेशकी प्रधानमन्त्री शेख हसिना, श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिङ्गेलगायत पनि सहभागी हुने भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

## ग्याँस बुलेटको ठक्करबाट महिलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा ग्याँस बुलेट गाडीको ठक्करबाट एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा कास्कीको पोखरा महानगरपालिका-११ की ३३ वर्षीया निर्मला अधिकारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शुक्रबार बिहान मनहरी-९, र जैयास्थित पूर्व-पश्चिम सडकखण्डमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको एएस-२५ डीसी ०२१२ नम्बरको ग्याँस बुलेटले विपरित दिशाबाट जाँदै गरेको ग ७ प २३०४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार अधिकारी गम्भीर घाइते भएकी थिइन् । ग्यास बुलेटको ठक्करबाट मोटरसाइकल चालक ३१ वर्षीय सुवास गुरुङ र पछाडि सवार उनका श्रीमती अधिकारीको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको थियो । दुबै जनालाई चुरेहिल अस्पताल हेटौंडामा उपचारका लागि ल्याइएको थियो । उपचारको क्रममा श्रीमती निर्मला अधिकारीलाई १० बजेर ४८ मिनेटको समयमा डाक्टरले मृत्यु भएको घोषणा गरेको प्रहरीले जनाएको छ । ग्याँस बुलेट चालकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## एकीकृत समाजवादी हेटौंडाको अधिवेशन आजबाट

समाज संवाददाता

हेटौंडाः नेकपा एकीकृत समाजवादीको हेटौंडा उपमहानगर पालिकाको अधिवेशन आज शनिबारबाट सुरु हुँदैछ । शनिबार विहान ८ बजेबाट सुरु हुने प्रथम नगर अधिवेशनको तयारी पूरा भएको छ ।

हेटौंडा-२ स्थित पल्पसा सदनमा हुने नगर सम्मेलनको उद्घाटन एकीकृत समाजवादी पार्टीका नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले गर्ने कार्यक्रम रहेको छ । एकीकृत समाजवादी हेटौंडा कमिटीका सचिव सफल अधिकारीका अनुसार अधिवेशनमा हेटौंडा उपमहानगरपालिकाको १९ वटै वडा कमिटीको सभागिता रहनेछ । अधिवेशनमा १९ वडाका २ सय ३० जना प्रतिनिधि सहभागी रहनेछन् । जसमा १६ जना दलित, ६६ जना महिला, ५ जना मुस्लिम, खुलातर्फ १२४ जना रहने अधिकारीको भनाइ छ ।

अधिवेशनबाट विभिन्न क्लस्टरसहित नयाँ नेतृत्व चयन गर्नेछ । महिला अनिवार्य रहने गरी नयाँ कार्यसमिति चयन गरिनेछ । कार्यसमिति ४५ सदस्यीय रहने अधिकारीले जानकारी दिनुभयो ।






# बाल रामायण

## (पुस्तक समीक्षा)



✍रौनक सापकोटा

मैले पढेको पुस्तकको नाम हो बाल रामायण । यस पुस्तकका लेखक टिकाराम शर्मा रिजाल हुन् । यो पुस्तकलाई बिएन पुस्तक संस्कारले प्रकाशनमा ल्याएको हो । पहिलो प्रकाशन रहेको यो पुस्तकमा १५८ वटा पानाहरू रहेका छन् । यस पुस्तकको आईएसबिएन नम्बर १००-३-२००-२४१ रहेको छ । एक दिनभरिमा पढेर सकिने यो किताबको मूल्य जम्मा २५० रहेको छ ।

मलाई बाल रामायण पढ्दै गर्दा यस किताबमा लेखेका धेरै प्रसङ्गहरूले मेरो मन छोएको छ । लेखकको यो लेख्ने तरिका नै यो किताबको उपलब्धि हो । लेखकले यस किताबमा हरेक शब्दहरूलाई सजिलो र सबैले बुझ्ने गरी लेख्नुभएको छ । र लेखकले अहिलेसम्म पाँचवटा किताब लेखिसक्नु भएको छ । बाल रामायण पुस्तकभित्र छुट्टाछुट्टै शीर्षकमा १५ वटा कथाहरु रहेका छन् । यस पुस्तकमा भगवान रामको समयका कथाहरुलाई समेटिएको छ । त्यसैले यस पुस्तकलाई पौराणिक कथा पनि भन्न सकिन्छ । हाम्रा हिन्दू देवताहरु राम, लक्ष्मण, भरत, हनुमान, राजा जनक, देवी सीता र दशरथका राज्यमा भएका घटनाहरूलाई यस कथाले विषय बनाएको छ ।

विभिन्न भगवानहरूको कथालाई यस पुस्तकमा विषय बनाइए पनि यस पुस्तकले भने हामीलाई अध्यात्ममा लाग्नुपर्छ, आत्मा नै सबैभन्दा ठूलो देवता हो, आत्मा पवित्र हुनुपर्छ र कुनै पनि प्राणीहरूलाई हत्याहिंसा गर्नु हुँदैन भनेर यस पुस्तकले हामीलाई सिकाएको छ । हिन्दू धर्म नै सबैभन्दा पुरानो धर्म र हिन्दु सनातनलाई सबैले मान्नुपर्छ, भगवान नै सर्वश्रेष्ठ हुनुहुन्छ, जो अध्यात्ममा विश्वास गर्छ उसले कहिले पाप कर्म गर्दैन र सबैको भलो चिताउँछ । र सबैको प्रिय हुन्छ भन्ने सन्देश यस कथाले दिएको छ । हामी मानिसहरुमा बढ्दै गइरहेको अशान्ति, बेचैनी, डाहा लोभ, पाप, ईर्ष्या यी सबै कुराहरुलाई बिर्सिएर हामीमा साझा मानवताको भावना हुनुपर्छ र पारिवारिक मेलमिलाप सुमधुर हुनुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ । हिन्दू सनातनको महत्व बोकेको भगवान रामको समयलाई यस कथाले व्यक्त गरेको हुँदा हामीले यस कथाबाट भगवान राम जस्तै सत्य र न्यायको बाटोमा हिँड्नुपर्छ, आफ्नो देश र जनताका लागि एउटा शासकले उचित किसिमको शासन गर्नुपर्छ, भन्ने शिक्षा मैले यस कथाबाट पाएको छु ।

र अन्तमा यति राम्रो पुस्तक लेख्ने लेखक टिकाराम रिजाललाई धन्यवाद दिन चाहन्छु । र यो पुस्तक वृद्ध उमेर बिताइरहनुभएका हजुरबुवा, हजुरआमा र सम्पूर्ण घरपरिवारले पढ्नुपर्छ भन्ने आग्रह पनि गर्दछु । *कक्षा-८, बालजागृती ईंग्लिस सेकेन्डरी स्कूल, हेटौंडा-२*

# घर, बाटो र चौतारी सफा गर्ने







✍आराध्या बस्नेत

घर, बाटो र चौतारी सफा गर्नु सामुदायिक कार्य हो । सबै समाजमा मानिसहरु मिलेर आफ्नो समाज सफा गर्छन् । समाजमा हामी सबैजना मिलेर बस्छौँ र सफा पनि मिलेर गर्छौं । समाज फोहोर भयो भने हामीलाई रोग लाग्छ । हामीले आफ्नो समाजलाई सफा गर्‍यौं भने सबैले हाम्रो समाजको बारेमा राम्रा कुरा गर्छन् साथै हाम्रो समाज राम्रो र सफा पनि देखिन्छ । त्यसैले हामीले आफ्नो घर, बाटो र चौतारी सधैँ सफा राख्नुपर्छ ।

*कक्षा-५, नवोदय शिशु सदन, हेटौँडा-४*


# चित्रकला




यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौँडा-५




रेनि श्रेष्ठ
कक्षा-६, रस्सल एकेडेमी
हेटौँडा-९




दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौँडा-५





खुशी खातुन
कक्षा:- ९, सिद्धार्थ शिशु सदन मावि, हेटौँडा ५

# मुक्तक



✍उन्नती अर्याल

बरु मानिसले लगाएको गुण सम्भिर जान्छ
समयले बढी भन्दा बढी अथाह पिडा दिएर जान्छ
दिनदिनै सनौँलो बितानी आएर
जिन्दगीको एकएक दिन लिएर जान्छ

*कक्षा-९, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौँडा-२*

## गाउँखाने कथा

१. शरीरभरि आँखा छन् हेर्दा केही छैन, अरुलाई नबोकाई हिँड्न जान्दैन ।
- डोको

२. शिवपूरीमा आगो लाग्यो चन्द्रागिरीमा धूवाँ, टेकु दोभानमा खलबल चल्छ सासले तान्दा सुवा ।
- हुक्का

३. शीतलु रानी पातमा बस्छिन्, सूर्यलाई देख्दा धर्तीमा खस्छिन् ।
- शीत

४. शुभकाममा अघि बढ्छ, मरेको गोरु डुक्रँदै हिँड्छ ।
- दमाहा

५. श्रीपेज छ राजा होइन, पखेँटा छन् पङ्खा होइन, नङ्ग्रा छन् भालु होइन् ।
- कुखुराको भाले

# टुक्का



✍कृष्ण कुमार वैद्य

मिलिजुली खाऔँ भागबन्डामा अनि बसौँ चुप,
हाकाहाकी कानमा कराए बाल्नु मच्छर धुप ।

अनेक तन्त्र आए यहाँ देश बनाउने भनी,
गणतन्त्र अल्मल्या छ परिवारमै फनफनी ।

खोल मात्र फेरियो गुदी त पुरानो नै परेछ,
गणतन्त्रले पनि नातागोताको भुँडी भरेछ ।

बुद्ध धम्म, सदाचार हुन्, धर्म, दुराचार हैन,
नविन विचार, विज्ञान, प्रबुद्ध छ, युद्ध छैन ।

एकछिन अघि नक्कलीको सिउँदो थियो खाली,
झिल्के कान्छोले झ्याप्प पारेर लगे सिन्दुर हाली ।

परिश्रमी वर्गहरूको पुरा होस् मनोकामना,
अन्तर्राष्ट्रिय श्रमिक दिवसको शुभकामना ।

पाइन्न रे कहिँ कतै मुर्खताको ओखतीमुलो,
आफू चढेको डुंगा डुबाउन पार्छ स्वयं दुलो ।


लाभमा तौलिरहेछ मानिस मित्रताको मूल्य,
क्षणिक लाभमा घात गर्नेहरू हुन् पशु तुल्य ।

विपत्तिमा हुन्छ मित्रको वास्तविक पहिचान,
सम्पन्नतामा लाएको साइनो मात्र अभिमान ।

आविष्कार भयो संहारक मानव जगतको,
प्रविधिको दुरुपयोगले युद्ध भो फगतको ।

*बनेपा-९, काभ्रे*

# जथाभावी फोहोर फाल्दा रोगव्याधी बढ्छ



✍दक्षता आचार्य

म सानो मान्छे मेरो सानो हात ।
ए दादा-दिदी दिइस्यो न मलाई साथ ॥
कति प्यारो छ है प्रकृतिको काख ।
सकिँदैछ हरियो वन यति जानी राख ॥

जोगाउनुछ अब हामीले आफ्नो वन पाखा ।
फोहोरले बोलाउँदछ रोग थरिथरि ॥
सफा गरौं सबैले आफ्नो वरिपरि ।
सफा वातावरण भए हामी बाँच्छौं धेरै ॥
योग गरौं स्वस्थ रहौं उठी बिहान सबेरै ।

*कक्षा-२, सुनगाभा शिक्षा निकेतन इङ्गिलस स्कुल, हेटौँडा-६*

# मानिस जीवन हो




✍मयङ्कय मिश्रा

दुब्यो भने पानीलाई दोष दिन्छ
लड्यो भने ढुङ्गालाई दोष दिन्छन्
मान्छेको बानी बडो अजीवको छ
जीवनमा केहि गर्न सकेन भने
भग्यलाई दोष दिन्छ

*कक्षा-१०, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, हेटौँडा-४*

# ममाथि गर्व



**विमर्श श्रेष्ठ**

अनुपम प्राकृतिक सौन्दर्य
हिमालहरु पाना झैं खुल्ला
जहाँ झण्डामा चन्द्र र सूर्य
ठढाउन नदिन कसैलाई औंला

समानताको राजमा मानिस संलग्न
ताराझैं बसिरहन्छ आकाशमा
सौन्दर्यको रहस्यमा मानिस सोचमग्न
रहस्य केवल प्रकृति आमा

हिमालको छायाँमा जन्मिएको
मेरो आत्मा बलियो छ
धर्तीमा खेल्दै गगन चुम्ने
मेरो देशको माया अमर छ

अन्तिम बाटोमा यो नेपाली हृदयले
देशको माटोमा अन्तिम स्वास फेर्छ
जहाँ मेरो अस्तित्व र मेरो आत्मा
त्यहाँको माटोमा अमरता पाउछुँ।

*कक्षा-१०, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# महिनावारी



**कृतिका हुमागाईं**

कसैलाई आभाष नै हुँदैन भने
कसैलाई महिनाको त्यो चार दिन मृत्यु को
मुख्मा गए झै हुन्छ

कसैलाई बेहोसीको हालमा पुर्याउँछ भने
कसैलाई पत्तै हुँदैन
धेरै कम छन् त्यो भाग्यशाली जसलाई पिडा हुँदैन
त्यो समयमा एक हुन्छिन
अपवित्र मान्छन धेरै ठाउँमा यसलाई तर
यति बेला केटी मान्छे देवीकाो अनेक रुप हुन्छिन्

दौपद्रीको चिरणहरु हँदा उहाँ पनि महिनावारीमा
हुनुहुन्थ्यो रे
उहाँलाई स्वयम श्री कृष्णले त्यही अवस्थामा
सहायता गर्नभएको थियो

कसरी मानु म यसबेला अपवित्र हुन्छ
किन यतिपिडा आफ्नो हुँदा हुँदै म एकल हुन्छु

भनिन्छ नयाँ जीवनको बरदान हो केटी मान्छेलाई महिनावारी
हरेक महिनाको त्यो दुःख पिडा झेल्दै आएको उनी म प्रति आभारी
भन्छन केटी मान्छे कमजोर हुन्छिन्
त्यो चार दिनको पिडा बोकेर देखाउन नमिल्ने
एक्लै तडपी रहँदा पनि कसैलाई भन्न नमिल्ने

कसरी सक्छिन त सहन गर्न यति पिडा
हरेक महिना कसरी बिना बोली बस्छिन यति दुःख झेलिरहँदा
उनी कम्जोर छैन
उनी आफ्नो र परिवारको दुःख हर्ने देवी हुन

सम्झना छन् त्यो पुरुषलाई जसले महिनावारीको समयमा
आफ्नो आमा दिदी बहिनी श्रीमतीलाई माया गर्छन

नमन छ मेरो उनी आमालाई जसले केटी मान्छेको सम्झना गर्दछन
पीडा बुझदछन्।

*कक्षा-१०, सिदार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# सिर्जनाका फूलहरु



**प्रमिला घले**

कुरै मात्र गर्दा काम कहाँ हुन सक्छ
भोलिवादीले परिवर्तन कहाँ हुन सक्छ
गुनासो मात्रै सुन्छु आफैबाट नगरे आँट
सिर्जनाका फूलहरु कहाँ फुल्न सक्छ।

*शिक्षिका*
*जेनिथ माध्यमिक विद्यालय, हेटौंडा-५*

# लोकतन्त्रका ताँतीहरु



**एन्जल पोखेल**

पूर्व क्षितिजबाट आउ लोकतन्त्रका ताँतीहरु ॥
अब कहाँ भाग्छौ ए पापी राष्ट्रघातीहरु ॥

फसाउनुसम्म फसायौ मेरो प्यारो राष्ट्र सम्मानसम्म ॥
कोही पनि बोल्दैनौं किन धिक्कारसम्म ॥

केही समयपछि आउँछ होला अब मेरो दिन ॥
मेरो दिन आएपछि जोगाउँछु म मेरो देश ॥

बलात्कार मान्छे यहाँ किसानको छोरी न्याय दिँदैनौ किन ॥
दोषीलाई बचाई निर्दोषीलाई फसाउँछौ किन ॥

हुनुछैन अब हामीलाई निर्मला पन्त जस्तो ॥
किन गर्छौं हामी गरिबको यो देश होइन जस्तो ॥

हुर्की बढी अब छोरी बा-आमालाई पीर ॥
साथीभाइसँग हिँड्दा पनि मान्नुपर्छ डर ॥

*कक्षा-६, बालज्योति मावि, हेटौंडा-५*

# सरप्राइज

**(लघुकथा)**



**सुमी थिङ**

एकादेशमा एउटा गाउँमा घनश्याम बस्दथ्यो। उसको भर्खर विवाह भएको थियो। उसको श्रीमतीले मदिरा पिउने गरेकी थिइन्। त्यो कुरा घनश्यामलाई थाहा थिएन।

एकदिन घनश्यामले उनकी श्रीमतीलाई किनमेल गर्न पठाएको थियो र श्रीमतीले किनमेल गर्नुको सट्टा रक्सी पिइरहेकी थिई। घनश्याम घरमा कुरिरहेका थिए। धेरै समय भइसक्दा पनि श्रीमती घर नआएपछि खोज्न जाँदा रक्सी पिइरहेकी थिइन्।

श्रीमानले सोधे, “तिमीले रक्सी पिउँछौ ?”

श्रीमतीले भनिन्, “हो।”

घनश्यामले फेरि सोधे, “मलाई किन नभनेकी ?”

श्रीमतीले भनिन्, “कुरा के हो भने नि बुढा तिमीलाई म सरप्राइज दिन चाहन्थेँ।”

*कक्षा-७, अमर मावि, हेटौंडा-१*

# विश्व वातावरण दिवस



**भावना न्यौपाने**

स्वच्छ वातावरण
वातावरण स्वच्छ भए
स्वस्थ हुन्छौं हामी।
स्वच्छ समाज स्वच्छ जीवन
जिउन सिकौं हामी।

जतातत्तै फोहोर मैला नफालौं कहिल्यै
हामीले नै सफा राख्ने बानी गरौं पहिले
वातावरणमा नै अटेका छन् सबै जातका प्राणी
यसलाई फोहोर राख्यौ भने गर्छ हामीलाई हानी

फोहोर महिला जथाभावी फाल्नु हुन्न मित्र
फोहोर सबै जम्मा पारौं डस्टबिन भित्र
डस्टबिनमा जम्मा पारी पठाउँ निश्चित ठाउँमा
सरसफाईमा ध्यान दिउँ सहर अनि गाउँमा।

रुखबिरुवा फुलको बोट रोपौं घर वरपर
कल-कारखाना खोल्नुपर्छ बस्तीभन्दा पर
डिजेल पेट्रोल सवारीले प्रदूषण बढ्यो
विद्युतीय सवारीमा ध्यान दिनुपर्‍यो।

*कक्षा-७, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, हेटौंडा-१०*

# म सँगको मेरो युद्ध !



**प्रमिता कार्की**

म मेरो सोच सधैं
सकारात्मक राख्ने युद्ध लड्दैछु
किनकी मलाई थाहा छ
एकदिन मेरो सोच
मेरो शब्दमा परिणत हुनेछ।

म मेरो शब्द सधैं
सकारात्मक राख्ने युद्ध लड्दैछु
किनकी मलाई थाहा छ
एकदिन मेरो शब्द
मेरो व्यवहारमा परिणत हुनेछ।

म मेरो व्यवहार सधैं
सकारात्मक राख्ने युद्ध लड्दैछु
किनकी मलाई थाहा छ
मेरो व्यवहार एकदिन
मेरो बानीमा परिणत हुनेछ।

म मेरो बानी सधैं
सकारात्मक राख्ने युद्ध लड्दैछु
किनकी मलाई थाहा छ
मेरो बानी एकदिन मेरो मानमा परिणत हुनेछ।

म मेरो मान सधैं
सकारात्मक राख्ने युद्ध लड्दैछु
किनकी मलाई थाहा छ
मेरो मान एकदिन मेरो भाग्यमा परिणत हुनेछ।

*हेटौंडा-८*

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशिः** राम रमाइलो त्यागेर पराक्रमी र सामाजिक क्रियाकलापमा संलग्न भइनेछ। सिर्जनात्मक र रचनात्मक क्रियाकलापबाट लाभ होला। व्यापार–व्यवसाय मध्यमकारक छ। यात्रा योग रहेको छ। मर्यादामा अभिवृद्धि होला। दौडधूपमा समय व्यतित होला। अध्ययन–अध्यापन ठिकै रहला। सानातिना रोग व्याधिबाट बच्दा राम्रो रहला।

**वृष राशिः** राम्रो नतिजा हात पर्ने समय छ। कमजोरीलाई सुधार्ने मौका मिल्ला। सर सहयोग आदानप्रदानमा समय बित्ला। महत्वपूर्ण ठाउँमा बोली बिक्ने छ। प्रतिष्ठित काम गर्ने मौका मिल्ला। आफन्तबाट सहयोग र सद्भाव मिल्ला। पढाई–लेखाई ठिकै रहेको छ।

**मिथुन राशिः** खराब र दिक्क लाग्दो समयको समाप्ति हुँदैछ। मनोरञ्जनका लागि मन आकर्षित होला। असन्तुष्टिहरु क्रमशः समाप्ति हुने छन्। कार्यक्षेत्रमा देखिएका समस्याहरु समाधान होलान्। रोकिएका धन हात पर्ला। रिसराग र घमण्डमा टाढा रहँदा राम्रो रहला। नोकरीमा बढोत्तरी होला। पढाई क्षेत्र ठिकै रहने छ।

**कर्कट राशिः** व्यवहारिक खर्च बढ्ने छ। वैदेशिक प्रयोजनको कामबाट लाभ होला। व्यापार–व्यवसायमा अर्कोको विश्वास गर्ने समय छैन। सहयोगीहरुसँग पनि सजगता अपनाउँदा राम्रो होला। प्रशासनिक कामहरु अड्किएका छन् भने हल हुनेछन्। विद्या प्राप्ति वा पठनपाठनका क्षेत्रहरु ठिकै रहलान्। धार्मिक काममा सरिक भइएला।

**सिंह राशिः** राजनीतिक वा सामाजिक क्षेत्रबाट लाभ प्राप्ति होला। मातापिताबाट आशिर्वाद प्राप्त हुने समय छ। आय–आम्दानीका दृष्टिकोणले मध्यम समय छ। जीर्णोद्धार र मर्मत संहारका लागि योजना बन्ला। लगनशीलताले काममा पूर्णता प्राप्त होला। विलासिताका कामहरुमा मन जाला। पढाइ–लेखाइ ठिकै रहला।

**कन्या राशिः** गुमेको धन प्राप्ति हुने समय छ। ठूलाबडा व्यक्तिको साथ पाइएला। दार्शनिक गतिविधिमा आकर्षण बढ्ला। धार्मिक र सामाजिक काममा मन जाला। नयाँ–नयाँ निवेशको वातावरण बन्ला। परोपकार वा समाजसेवा गर्दा भाग्य चम्किनेछ। व्यापार–व्यवसायका कामहरु मध्यमकारक नै रहलान्।

**तुला राशिः** चुनौति र संघर्षले युक्त समय छ। कर्मप्रति निष्ठा राखी अघि बढ्दा अन्त्यमा सफलता प्राप्ति होला। सिर्जनात्मक कामबाट सन्तुष्टि मिल्ला। भाग्यबल बढ्दै जाला। सामाजिक, धार्मिक तथा परोपकारजन्य कामबाट विशेष लाभ प्राप्ति होला। पढाइ–लेखाइमा भने त्यति मन नजाला।

**वृश्चिक राशिः** जोखिम र संकटले युक्त समय छ। धनसम्पत्ति खर्च हुने समय छ। दुराशा र महत्वकांक्षालाई थाती राख्दा राम्रो रहन्छ। व्यवसायिक मात्रामा निस्कन राम्रो समय छ। वैचारिक मतभेद बढ्ला। सामाजिक एवं धार्मिक क्रियाकलापमा सरिक भइने समय छ। पढाई–लेखाई मध्यमफलदायी छ।

**धनु राशिः** भोगविलास र आनन्दप्राप्तिका लागि फसिने समय छ। मातृपक्षको आशिर्वाद प्राप्त होला। प्रेम जीवनबाट लाभ प्राप्त होला। थालेको कामलाई पूर्णता दिइने छ। कर्मचारी र जागिरेका लागि लाभ र परिश्रम बढ्ला। अध्ययन–अध्यापन ठिकै रहने समय छ। पढाई–लेखाई मध्यमकारक छ।

**मकर राशिः** सकारात्मक र व्यवहारिक सोचको विकास होला। परिवारबाट सन्तुष्टि प्राप्त होला। वादविवादको स्थितिबाट बच्दा राम्रो रहन्छ। कार्यक्षेत्रमा अहम् भूमिका निर्वाह होला। शारीरिक थकान र बेचैनीको समय योग छ। स–साना कुरामा चिन्ताग्रस्त भइएला। अध्ययन–अध्यापन ठिकै रहेको छ।

**कुम्भ राशिः** नैराश्य र वैराग्यका भाव सञ्चरण हुन सक्ने योग छ। काममा गरेको प्रयास सार्थक होला। आम्दानीको नयाँ स्रोत फेला पर्ने समय योग छ। डुबेको धन हात पर्ला। खानपान र मनोरञ्जनका क्षेत्रमा खर्च बढ्ला। प्राविधिक र सीपमूलक क्षेत्रमा आकर्षण बढ्ला। प्रतिस्पर्धामा विजय होला।

**मीन राशिः** शरीर त स्वस्थ रहने छ। चिन्तामा वृद्धि हुने समय हो। आफन्तको व्यवहार देखेर दिक्क लाग्ला। नौला व्यक्तिसँग सम्पर्क बढ्ला। व्यापार–व्यवसाय ठिकै रहने छ। भोगविलास र घरेलु प्रयोजनका सामाग्रीबाट लाभ होला। वैदेशिक योगका काममा सफलता प्राप्त होला। पढाई–लेखाई र धार्मिक यात्रा योग छ।


**बाढीपहिरोबाट जोगिऔं।**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँने हुँदाः

- वृक्षारोपण गरौं वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएको क्षेत्र तथा नदी किनारमा रुख, बाँस, नगालोजस्ता भू–क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- वस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

**ज्ञान बहादुर श्रेष्ठ**
**का.वा. अध्यक्ष तथा**
**१२ नम्बर वडा कार्यालय परिवार**

# बालजागृति इंग्लिस स्कूलको क्याप्टेनमा रोजन निर्वाचित

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलको क्याप्टेनमा कक्षा ९ का रोजन मैनाली निर्वाचित हुनुभएको छ । शुक्रबार सम्पन्न निर्वाचनमा ३९६ मतसहित रोजन स्कूल क्याप्टेनमा निर्वाचित हुनुभएको हो । स्कूलको भाइस क्याप्टेनमा ३१० मतसहित कक्षा ९ कै दिपिका लम्साल निर्वाचित हुनुभएको छ । क्याप्टेन र भाइस क्याप्टेनमा ४/४ जनाको उम्मेदवारी रहेको थियो ।

यस्तै रातो सदनको क्याप्टेनमा कक्षा ९ का प्रतिक दाहाल (८५ मत) र भाइस क्याप्टेनमा कक्षा ८ की अनुज्ञा विडारी (६३ मत) विजयी हुँदा पहेँलो सदनको क्याप्टेनमा ९ कक्षाका अमिष दाहाल (९४ मत) र भाइस क्याप्टेनमा ८ कक्षाकी प्रसिद्धि केसी (७३ मत) निर्वाचित हुनुभएको छ । हरियो सदनको क्याप्टेनमा र भाइस क्याप्टेन दुबै ८ कक्षाका अस्मिता थिङ (८७ मत) र प्रियांशु सिंह (७७ मत) चयन हुँदा निलो सदनको क्याप्टेन र भाइस क्याप्टेनमा ९ कक्षाका सहर्ष गौतम (७४ मत) र दिपिक्षा न्यौपाने (७९ मत) निर्वाचित हुनुभएको छ ।

यस्तै वातावरण क्लबको क्याप्टेनमा ९ कक्षाका आर्यन खड्का (२६८) र भाइस क्याप्टेनमा ८ कक्षाकी सौरभी हुमागाई (२१०), साहित्य क्लबको क्याप्टेनमा ९ कक्षाका गन्तव्य राज पौडेल (३९६ मत) र भाइस क्याप्टेनमा ८ कक्षाकी सदीक्षा हुमागाई (३७३ मत) निर्वाचित हुनुभएको छ । फाइन आर्ट क्लबको क्याप्टेनमा ७ कक्षाकी श्रेयशी गौतम (३७३ मत), भाइस क्याप्टेनमा ७ कक्षाकै अञ्जनप्रसाद यादव (२५२ मत), खेलकुद क्लबमा ७ कक्षाका साइमन उप्रेती (२५१ मत) र भाइस क्याप्टेनमा ९ कक्षाका सुवास्टिन महत (३०१ मत) निर्वाचित हुनुभएको छ ।

शुक्रबार बिहान ७ बजेबाट मतदान सुरु भई दिउँसो ४ बजेसम्म मतदानको समय तोकिएको थियो । निर्वाचनमा ४ कक्षादेखि १० कक्षासम्मका ७ सय ५८ जना विद्यार्थीले मतदान गरेको प्रमुख निर्वाचन अधिकृत उमेश अर्यालले जानकारी दिनुभएको छ । निर्वाचनमा कक्षा ६ देखि ९ कक्षासम्मका विद्यार्थी उम्मेदवार हुन पाउने व्यवस्था गरिएको उहाँले बताउनुभयो । विद्यालयका विविध क्रियाकलापमा विद्यार्थीको सहभागिता सुनिश्चित गर्न तथा विद्यार्थीमा नेतृत्व विकास, प्रजातान्त्रिक अभ्यासको विषयमा अवगत गराउने उद्देश्यले बालजागृतिले २०७४ सालदेखि निर्वाचनको अभ्यास गराउँदै आएको छ । विद्यार्थी निर्वाचन कार्यक्रममा शिक्षकहरुले सहजीकरण गरेका थिए भने विद्यालय व्यवस्थापन तथा सञ्चालक समितिका पदाधिकारी र अभिभावकले निर्वाचन कार्यक्रमको पर्यवेक्षण तथा अवलोकन गरेका छन् ।

# भुटनदेवीमा निःशुल्क आँखा शिविर

समाज संवाददाता

हेटौँडाः भुटनदेवी एल्मुनाई एशोसिएसन, रोटरी क्लब अफ हेटौँडा, भुटनदेवी माध्यमिक विद्यालय र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ ।

शुक्रबार भएको शिविरमा कक्षा ७ र ८ मा अध्ययतरत ३ सय ८७ जना विद्यार्थीको आँखा जाँच गरिएको छ । अन्य विद्यार्थीका लागि जेठ २७ गते फेरि शिविरको आयोजना गरिने बताइएको छ । भुटनदेवी माविका पूर्व प्रधान्याध्यापक विशालकुमार विडारीको प्रमुख आतिथ्यमा शिविरको उद्घाटन कार्यक्रम भएको थियो । रोटरी क्लबका सेवा शाखाका संयोजक सुदर्शन ढकालको संयोजकत्वमा आँखा शिविर भएको हो । यसअघि निशुल्क दन्त शिविर पनि आयोजना गरिएको थियो ।

# रड प्रहारबाट साइँलीको मृत्यु

समाज संवाददाता

हेटौँडाः काभ्रेपाञ्चोक जिल्लाको तेमाल गाउँपालिका-२, काफलबोटमा फलामे रडको प्रहारबाट एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५८ वर्षीया साइँली तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बिहीबार दिउँसो ४ बजेर २० मिनेटको समयमा ५५ वर्षीय मानध्वज तामाङले मादक पदार्थ सेवन गरी साइँलीलाई रड प्रहार गरेका थिए । रड प्रहारबाट साईली गम्भीर घाइते भएकी थिईन् । प्रहरी टोली घटनास्थल पुग्दा साइँलीको मृत्यु भइसकेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको र रड प्रहार गर्ने मानध्वजलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# बसको ठक्करबाट सुनुवारको मृत्यु

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको थाक्रे गाउँपालिका-७, आठकिल्लामा बसले ठक्कर दिँदा एक पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा सुनसरी जिल्लाको धरान उपमहानगरपालिका-१७ बस्ने २३ वर्षीय सुदेश सुनुवार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बिहीबार पृथ्वी राजमार्गमा पोखराबाट काठमाडौंतर्फ जाँदै गरेको ग १ ख ९८६८ नम्बरको बसले सुनुवारलाई ठक्कर दिँदा घाइते भएका थिए । घाइते सुनुवारलाई उपचारका लागि अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । बस चालक स्याङ्जा जिल्लाको अर्जुनचौपारी गाउँपालिका-६ का २४ वर्षीय सोम बहादुर जिटीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# वडास्तरीय फुटबलको उपाधि आयोजक ए लाई




समाज संवाददाता

हेटौँडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा आयोजना भएको वडास्तरीय फुटबल प्रतियोगिताको उपाधि आयोजक ४ नम्बर वडाको ए टिमले जितेको छ । शुक्रबार भएको फाइनल खेलमा वडा नम्बर ८ लाई ४-१ गोलअन्तरले हराउँदै आयोजकले उपाधि जितेको हो ।

४ नम्बर वडाको जितमा सुबास थिङ र अमर पाखिनले २-२ गोल गरे । यस्तै ८ नम्बरका अविन भोलनले एक गोल फर्काएका थिए । उपाधि विजेता आयोजक ए ले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता ८ नम्बर वडाले १५ हजार रुपैयाँमा चित्त बुझाएको छ । प्रतियोगितामा ४ नम्बर वडाका क्रमशः सर्वोत्कृष्ट खेलाडी सुबास थिङ, उत्कृष्ट गोलरक्षक पवन आले मगर, उत्कृष्ट डिफेन्डर ज्ञान बहादुर जिम्बा र उत्कृष्ट फरवार्ड अमर पाखिन घोषित भए । यस्तै ८ नम्बर वडाका नविन भोलन उत्कृष्ट मिडफिल्डर घोषित भए । शुक्रबार भएको सेमिफाइनल खेलमा वडा नम्बर २ लाई १-० गोलअन्तरले हराउँदै आयोजक ए टिम फाइनलमा प्रवेश गरेको थियो भने वडा नम्बर ६ लाई १-० गोलअन्तरले हराउँदै ८ नम्बर फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगिताका संयोजक भुगोल माझीको सभाध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता समापन कार्यक्रममा ४ नम्बरका वडाध्यक्ष दन्तलाल माझी, मकवानपुर जिल्ला फुटबल संघका वरिष्ठ उपाध्यक्ष अरुण बल र बागमती खेलकुद विकास समितिका उपाध्यक्ष मुक्ति लामा लगायतको उपस्थिति रहेको थियो ।

# तेक्वान्दो संघको अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः नेपाल तेक्वान्दो संघ मकवानपुरद्वारा आयोजित आन्तरिक प्रशासनिक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्यको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा नेपाल तेक्वान्दो संघका महासचिव दीपराज गुरुङ, केन्द्रीय कोषाध्यक्ष कासिम मिया, प्रदेश अध्यक्ष केशब पुरी, हेटौंडा उपमहानगर पालिका खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्र घिमिरेको विशिष्ट आतिथ्य थियो । यस्तै, तेक्वान्दो प्रशिक्षक राजेश प्रजापति, बागमती प्रदेश सचिव उमेश नकर्मी, मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधब कोइरालालगायतको आतिथ्य थियो ।

# विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापनसम्बन्धी छलफल

समाज संवाददाता

हेटौंडाः नेपाल विद्यालय कर्मचारी परिषद् मकवानपुरको आयोजनामा विद्यालय कर्मचारी पारिश्रमिक व्यवस्थापनसम्बन्धी छलफल भएको छ । शुक्रबार परिषदका जिल्ला अध्यक्ष राजन अधिकारीको संयोजनमा कार्यक्रम सञ्चालन भएको हो ।

नेपाल सरकारले विद्यालयका कर्मचारीका लागि बजेट नछुट्याएका कारण स्थानीय तहसँग समन्वय गर्ने परिषदका सचिव सज्जन रिमालले जानकारी दिनुभयो । नेपाल सरकारले तोकेको समान तहमा कार्यरत कर्मचारीले पाउँदै आएको तलब र सरकारले तोकेको न्यूनतम पारिश्रमिकभन्दा पनि न्यूनतम तलब आएका कारण छलफल कार्यक्रमको आयोजना गरिएको हो । रिमालका अनुसार विद्यालयका लेखा कर्मचारीबिच भएको छलफलबाट स्थानीय तहलाई ज्ञापनपत्र बुझाउने निर्णय गरिएको छ ।

केन्द्रीय सरकारबाट विद्यालयको कर्मचारीको सेवा सुविधासम्बन्धी कुनै पनि माग सम्बोधन नभएका कारण उचित पारिश्रमिकका लागि स्थानीय सरकारलाई दवाव दिन लागिएको सचिव रिमालले बताउनुभयो । कर्मचारीहरु न्यूनतम पारिश्रमिकभन्दा पनि काम तलबमा काम गर्दै आएको उहाँको भनाइ छ । स्थानीय सरकारलाई जेठ महिनाभित्र ज्ञापनपत्र पेश गरिने बताइएको छ । छलफल कार्यक्रममा ३० जना कर्मचारीको सहभागिता रहेको थियो ।

# समाजवादी क्रान्तिमा लाग्न खनालको निर्देशन

समाज संवाददाता

हेटौँडाः एकीकृत समाजवादी पार्टीका नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले समाजवादी क्रान्तिमा लाग्न कार्यकर्तालाई निर्देशन दिनुभएको छ । पार्टीको होटौंडा नगर अधिवेशन उद्घाटन गर्न आउनुभएका खनालले अगुवा कार्यकर्तासँगको छलफलमा अबको यात्रा समाजवादतर्फ भएकाले सोहीअनुसार क्रान्तिमा संलग्न हुन निर्देशन दिनुभएको हो ।

नेता खनालले पार्टीको महाधिवेशनमा सकारात्मक सन्देश प्रवाह गर्न एकजुट भएर अघि बढ्न आग्रह गर्नुभयो । उहाँले पार्टीको नेतृत्वको लागि आफू आकांक्षी रहेको संकेत गर्नुभयो । उहाँले कार्यकर्तासँगको छलफलका क्रममा पार्टीको पुँजीका रुपमा २ पूर्वप्रधानमन्त्री रहेको र कार्यकर्ताले आवश्यक निर्णयसहित व्यवस्थापन गर्ने धारणा व्यक्त गर्नुभयो । पार्टीको पुँजीको उचित सम्बोधन गर्न कार्यकर्तालाई उहाँले आग्रहसमेत गर्नुभयो ।

पछिल्लो समय एमालेसँगको एकताको विषयलाई लिएर हुने गरेको टिकाटिप्पणी गलत रहेको उहाँको भनाइ छ । एमाले र एकीकृत समाजवादीको कार्यदिशा नमिल्ने भएकाले एकता सम्भव नरहेको उहाँले दावी गर्नुभयो । पार्टीले प्रतिद्वन्द्वी छुट्याएर रणनीति निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो । वर्तमान समयमा एकीकृत समाजवादीको प्रतिद्वन्दी कांग्रेस रहेको उहाँले टिप्पणी गर्नुभयो ।



PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।




Laya Shrestha




Pradip Adhikari
उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने


सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd



बधाई एवम् शुभकामना





मेरा अनन्य मित्र नरेन्द्र भण्डारी संघीय सरकारबाट हेटौँडा सिमेन्ट उद्योगको अध्यक्ष नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।
ध्रुबप्रसाद अधिकारी, प्रोप्राइटर
एवम् नेचुरल बेभरेल (अमृत जल) परिवार
हेटौँडा-९, मकवानपुर



बधाई एवम् शुभकामना





यस सहकारीका संस्थापक श्री नरेन्द्र भण्डारी संघीय सरकारबाट हेटौँडा सिमेन्ट उद्योगको अध्यक्ष नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।
नवराज खनाल, अध्यक्ष
एवम् नमस्ते मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौँडा-१०, मकवानपुर



हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।





Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ